मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२२

पत्र संख्याः- २०८१/८२
चलानी नं.

मितिः- २०८१।०८।२६

सूचना नं. २८

## गुरु किसान करार सेवाको लागी दरखास्त आह्वान गरिएको सूचना

प्रस्तुत विषयमा यस मालिका गाँउपालिका कृषि शाखाको आ.व. २०८१/८२ को बार्षिक स्विकृत कार्यक्रम तर्फको **नमुना सुन्तला बगैंचा व्यवस्थापन सहित गुरु किसान परिचालन तथा क्षेत्र विस्तार कार्यक्रम** अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सन्चालन सम्वन्धी कार्यविधि,२०८१ अन्तर्गत स्थानिय तहमा सुन्तला किसानहरुको क्षमता विकास तथा प्रविधि प्रसार कार्यमा सहजीकरण गर्न गुरु किसानको छनौट गरी निज मार्फत फलफुल खेतीको उचित उत्पादन व्यवस्थापनमा अन्य व्यवसायिक किसानहरु समेतलाई प्रोत्साहन गर्न गुरु किसान परिचालन कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीका लागी अनुरोध छ। योग्यता पुगेका मालिका गाँउपालिका भित्रका ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मालिका गाँउपालिकाको कार्यलयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. आवश्यक पदः गुरु किसान

२. माग संख्याः १ जना

३. गुरु किसानको न्युनतम योग्यताः
- साधारण लेखपढ गर्न सक्ने
- कम्तिमा दुई रोपनी जग्गामा सुन्तला खेती गरिरहेको 2
- सुन्तला बगैंचामा सिंचाईको व्यवस्था भएको
- फलफूल सम्वन्धी नविनतम् प्रविधिहरु परिक्षण तथा प्रदर्शन कार्यक्रम संचालन गर्न ईच्छुक
- फलफुल खेती सम्बन्धी तालिम लिएको
- स्वयंसेवक रुपमा सेवा दिन र कार्य गर्न प्रतिवद्ध रहेको

४. दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- गुरु किसान परिचालन कार्यक्रममा सहभागिताको लागि निवेदन
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपी

**५. तलब सुविधा तथा अन्य सेवा शर्तः** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सन्चालन सम्वन्धी कार्यविधि,२०८१ अनुसार हुने

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नमुना सुन्तला बगैंचा व्यवस्थापन सहित गुरु किसान परिचालन तथा क्षेत्र विस्तार कार्यक्रमको लागी दिने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,

मालिका गाँउपालिकाको कार्यालय,

दरबाङ्ग म्याग्दी।

विषयः नमुना सुन्तला बगैंचा व्यवस्थापन सहित गुरु किसान परिचालन तथा क्षेत्र विस्तार कार्यक्रमको माग सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा तँहा कार्यालयको मिति.............................. गतेको सूचना नं ................को सूचना बमोजिम यस मालिका गाँउपालिका वडा नं ......... स्थित म/मेरो कृषि फर्म ...........................................................तहाँ कार्यालयको यस आ.व. २०८१/८२ को नमुना सुन्तला बगैंचा व्यवस्थापन सहित गुरु किसान परिचालन तथा क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत ....गुरु किसान परिचालन/ नमुना सुन्तला बगैंचा स्थापना/ क्षेत्र विस्तार..... कार्य सन्चालन गर्न चाहेको हुँदा आवश्यक कागजात तथा तपशील बमोजिमका मागहरु संलग्न राखी यो निवेदन पेश गर्दछु।

तपसिलः

१.

२.

३.

४.

निवेदकः
नामः
ठेगानाः
नागरिकता नंः
सम्पर्क नं
दस्तखतः